**थाहा नगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः २०७९ संख्याः १ मितिः २०७९/१०/०४**

**भाग–१**

**थाहा नगरपालिका**

## थाहा नगरपालिकाको
## स्थानीय वन ऐन २०७९

१. प्रस्तावना :
नेपालको संविधानमा उल्लेखित वन माथिको स्थानीय सरकार र समुदायको अधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउँदै वनको दिगो व्यवस्थापन, दिगो संरक्षणमा जिम्मेवारी तुल्याउदै वन श्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय सरकार र समुदायको आर्थिक, सामाजिक, पर्यावरणीय र भौतिक लगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै आर्थिक सम्बृद्धी एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुऱ्याउन वनको व्यवस्थापन, उपयोग सम्वन्धि स्थानीय वन व्यवस्थापन गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ अनुसार यस थाहा नगरपालिकाको बाह्रौ नगरसभाले यो स्थानीय वन ऐन २०७९ बनाएको छ ।

### परिच्छेद परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भः-

१. संक्षिप्त नाम र प्रारम्भः-
 १) यस ऐनको नाम "स्थानीय वन ऐन, २०७९" रहेको छ ।
 २) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

स्थानीय राजपत्र

(क) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, शहरी वन, ग्रामिण वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र, प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक-निजि वन समेतलाई सम्झनु पर्छ ।

(ख) स्थानीय वन ऐन २०७९ भन्नाले यस थाहा नगरपालिकाको बाह्रौं नगर सभाले पारित गरेको स्थानीय वन ऐन २०७९ सम्झनुपर्दछ ।

(ग) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ ।

घ) "वनमाथिको पहुँच" भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागि हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वनपैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोग चलन गर्ने, वनक्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ ।

(ङ) "वन अधिकार" भन्नाले परिच्छेद २ मा उल्लेखित वनसम्बन्धी अधिकारलाई सम्झनु पर्छ ।

(च) "स्थानीय वन परिषद्" भन्नाले दफा १३ बमोजिम गठन हुने वन अधिकार संरक्षण स्थानीय वन परिषद्लाई सम्झनु पर्छ ।

(छ) "स्थानीय समुदाय" भन्नाले वनक्षेत्रसंग सीमाना जोडिएको वन क्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।

(ज) "अन्य समुदाय" भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वनपैदावार आफ्नो घर परिवारको जीविकोपार्जनको लागि कुनै न कुनै रुपले सदुपयोग गर्दै आईरहेको, वन पैदावारको लागि त्यस्तो वन क्षेत्रबाट आश्रित एवं लाभान्वित भौगोलिक रूपमा वन क्षेत्रदेखि टाढा रहेको घर, परिवार र समुदायलाई सम्झनु पर्दछ ।

(झ) "वन क्षेत्र"भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको वाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नांङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(ञ) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा रुख, पात, फल, फूल, मौवा, चिराइतो, च्याउँ र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पती तथा तीनका विभिन्न भाग वा अङ्ग, चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वा पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ ।

(ट) "सामुदायिक वन" भन्नाले समुदायद्वारा व्यवस्थापन गरेको वनलगायत कबुलियती वन, धार्मिक वन, परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वन समेतलाई सम्झनु पर्छ ।

(ठ) "पारिवारिक निजी वन" भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(ड) "परम्परागत उपभोक्ता" भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसार आफ्नै मौलिक विधि र प्रकृयाबाट निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनु पर्दछ ।

(ढ) "सामुदायिक वन उपभोक्ता समुह" भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि स्थानीय सरकार र नेपाल सरकारको सम्वन्धित निकायबाट स्वीकृती प्राप्त सम्बन्धित वन क्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समुहलाई सम्झनु पर्छ ।

(ण) "सामुदायिक वन उपभोक्ता समिति" भन्नाले समुदायिक वन उपभोक्ता समुहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउने छ ।

(त) “वनश्रोत” भन्नाले कुनैपनि व्यवहारिक, व्यवसायीक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी, वा सामुदायिक वनमा रहेको वनस्पति, जीव, र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानविय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउने छ ।

(थ) “उद्योग” भन्नाले लघु, घरेलु, साना, मझौला र ठूला उद्योग सम्झनु पर्छ ।

(द) “सम्बन्धित अधिकारी” भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्दछ ।

(ध) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २
## सामुदायिक वनको स्वामित्व, अधिकार र दायित्व

३. सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्नेः-

परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम नेपाल सरकार र थाहा नगरपालिकाको सहमतिमा सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो वन व्यवस्थापन गर्ने अधिकार स्थानीय समुदायलाई हुनेछ ।

उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्व सूसुचित मञ्जुरी बिना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागि स्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाईने छैन ।

तर उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय सरकारले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन ।

४. सामुदायिक वनमा स्थानीय समुदायको व्यवस्थापन जिम्वेवारी

(१) सामुदायिक वनमा स्थानीय समुदायले देहाय बमोजिमका वन सम्वन्धी कार्यहरु गर्नेछन् ।

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, संम्बद्धन, प्रवर्द्धन, वनपैदावरको विकास र उपयोग गर्नका लागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने,

(ख) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोगको कार्ययोजना निर्माण गर्ने

(ग) वन क्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान लगायत प्राकृतिक श्रोत साधन र वन पैदावारहरू प्राप्त गर्ने, समुदायले नियम बनाई तोकेकोमा बाहेक विना अवरोध वन क्षेत्रमा आवत जावत गर्ने, वन क्षेत्रमा व्यवस्थित चरीचरण गर्ने,

(घ) सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायको दैनिक आधारभूत आवश्यकता पुरा गर्ने र बढी भएका वनपैदावारको स्थानीय सरकारको अनुमति लिई मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

(ङ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभ प्राप्त गर्ने,

(च) वनश्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवा पुऱ्याउने र सामुदायिक विकास गर्ने,

(छ) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन, सदुपयोग गर्ने

स्थानीय राजपत्र

(ज) सामुदायिक वनलाई निरन्तर रूपमा सामुदायिक वनकै रूपमा संरक्षण, व्यवस्थापन र निरन्तरता दिन पाउने,

(झ) सामुदायिक वनको व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समुह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठन गर्ने र त्यस्तो समिति उपसमितिको काम कर्तव्य र अधिकारहरू तोक्ने,

(ञ) सामुदायिक वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना वनाई स्थानीय सरकारमा पेश गर्ने ।,

(ट) वन संरक्षण, विकास र व्यवस्थापनका लागि स्थानीय सरकार, प्रादेशीक सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ठ) वनसँग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप, दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीकरण र बजारीकरणका लागि चाहिने वन पैदावरजन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित बस्तुलाई उपभोग गर्ने र बजारमा बिक्रि बितरण गरी लाभ प्राप्त गर्ने,

(ड) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुर्‍याउने पर्यावरण, कृषि वन, पशुपालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वन उद्यम सम्बन्धी कृयाकलापहरू संचालन गरी लाभ प्राप्त गर्ने,

(ढ) वनको दिगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै सामुदायिक वन क्षेत्रमा काठ र गैर काठजन्य वन पैदावारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठुला खाले उद्यम समुदाय आफैले वा तेस्रो पक्षसंग सम्झौता गरी संचालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दिगो संरक्षण र व्यवस्थापनको साथै स्थानीय समुदायको आर्थिक उन्नतीमा टेवापुर्‍याउने,

(ण) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरि वनश्रोतकोपूर्णरूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यमविकास गर्ने र त्यस्तो निर्णय लिने,

(त) वनको भौगोलिक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वन कार्ययोजनामा तोकिए बमोजिम वन सम्वर्द्धन (गोडमेल, हाँगा काँटछाट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई वन विकास र संरक्षण गर्ने,

(थ) सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवंजैविक विविधता संरक्षण, भुदृश्य-सौन्दर्य तथा कार्वन-संचिति जस्ता वातावरणीय सेवाहरूको संभावनाको खोजी गरी वातावरणीय सेवा सुविधाको उपयोग गरेर आय-आर्जनको अवधारणालाई अगाडि बढाउने,

(द) कार्बन सञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने ।

५. सामुदायिक वन उपभोक्ता समुहको सदस्यका काम, कर्तव्य र जिम्वेवारी

१. (क) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समुहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

२. सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने टाढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुर्‍याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरी सामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरू प्रात हुनेछन् ।

(क) सामुदायिक वनबाट वनपैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने ।

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभोग गर्न पाउने,

६. वनमा आधारित उद्यम विकासः-

(१) सामुदायिक वनश्रोतको प्रयोग गरी वन पैदावारमा आधारित उद्योगहरू सामुदायिक वन उपभोक्ता समुह आफैले वा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार वा निजी क्षेत्रसंग सम्झौता गरी वा तेस्रो पक्षसंग सम्झौता गरी व्यवसायिक रूपमा संचालन गर्न सक्नेछ ।

(क) सामुदायिक वन समुहहरु, स्थानीय सरकार र तेश्रो पक्ष समेतको लगानीमा काठ चिरान मिल स्थापना गर्न सक्ने ।

(ख) स्थानीय सरकारको स्वीकृतीमा साना फर्निचर उद्योग स्थापना गर्न सक्ने ।

(ग) गैर काष्ठ उद्योग तथा काष्ठ कलाका उद्यमहरु संचालन गर्न सक्ने ।

(घ) रोजगारमूलक वनपैदावार उधोग संचालन गर्न सक्ने ।

(ङ) सामुदायिक वन समुहहरु र स्थानीय सरकारको स्वलगानी र स्वामित्वमा संचालन हुने काठ चिरान मिल स्थापना गर्दा सामुदायिक वन क्षेत्र बाहिर निजी जग्गामा संचालन गर्दा अन्य कुनै मापदण्ड लाग्ने छैन ।

(२) उपदफा (१) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वन क्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन, लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यवसायिक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रि बितरण गर्न सक्नेछन् ।

७. सामुदायिक वनमा उपभोक्ता समुहको उत्तरदायित्वः-

(१) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि सामुदायिक वन श्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(२) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि सामुदायिक वन व्यवस्थापन कार्ययोजना बनाउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्णरूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(४) सामुदायिक वन श्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(५) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वन श्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमा स्थानीय सरकारमा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(६) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वन श्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समुहको साधारण सभा र साधारण सभाले कार्य समितिलाई तोके बमोजिम समुदायको बिकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(७) दिगो वन व्यवस्थापन गरी वन पैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(८) सामुदायिक वन क्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुर्नत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्बर्द्धन प्रणाली (एक्ल्याउने, बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्य गरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन संबर्द्धन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

८. सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः-

स्थानीय राजपत्र

(१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाट प्राप्त लाभको बाँडफाड देहाय बमोजिम गरिनेछ ।

(क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वन श्रोतबाट प्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले तोकेबमोजिम बाँडफाँड गर्नेछ ।

(ख) यसरी वितरण गर्दा स्थानीय सरकार संचालन ऐनको दफा ६२ ख बमोजिम बन पैदावर विक्रि वितरणवाट प्राप्त आयको १० प्रतिशत रकम स्थानीय सरकारको संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

९. सामुदायिक वनको व्यवस्थापनमा स्थानीय सरकारको दायित्व

१) स्थानीय सरकारले आफनो क्षेत्रभित्रका वन जंगलको संरक्षण र उपयोगको लागि वन क्षेत्रको नक्साङ्कन गरि आवश्यकता अनुसार सामुदायिक वन समुह मार्फत वन क्षेत्रको संरक्षण कार्य अगाडि बढाउने ।

२) संचालनमा रहेका सामुदायिक वन उपभोक्ता समुहहरुको वार्षिक कार्ययोजना स्वीकृत गरि वनको वैज्ञानिक उपयोगको नीति लिने ।

(३) देहायको कार्य गरेमा सामुदायिक वन उपभोक्ता समुहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन स्थानीय सरकारले आवश्यक निर्देशन दिने र आवश्यक कारबाही गर्न सक्नेछ ।

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समुहले वन व्यस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) स्थानीय वन ऐन २०७९ अनुसार कार्य नगरेमा,

(४) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(५) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समुहको विधान, कार्ययोजना र समुदायको हित बिपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समुहको विधान, कार्ययोजना र नीति नियम अनुसार कारबाही गर्नेछ ।

१०. सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः

(१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्वन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाईसहभागि गराईने छ ।

(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मधेशी, सीमान्तकृत समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउदा निर्णायक तह(पदाधिकारी) लगायतमा कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराईनेछ ।

(३) उपदफा २ बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदा समेत समुदायको गरिब, बिपन्न, दलित वा अल्पसख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्नेछ ।

११. राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकार :

स्थानीय राजपत्र

(१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकार र प्रदेश सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसंग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउने छन् ।

(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राष्ट्रिय वनक्षेत्र भित्र पर्ने बाटोमा आवत जावत गर्ने, पानीको मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,

(ख) परम्परागत रूपमा चरिचरण गर्दै आईरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरणको रूपमा उपभोग गर्ने,

(ग) राष्ट्रिय वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(घ) राष्ट्रिय वन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावर र स्थानीय समुदायको वालिनालीमा क्षति पुर्‍याएमा त्यस्तो क्षतिको मनासिब माफिकको क्षतिपूर्ति स्थानीय सरकारबाट प्राप्त गर्ने, साथै वनमा लागेको आगलागि नियन्त्रण गर्दा वा वन व्यवस्थापन गर्दा दुर्घटना भएमा सम्वन्धित समुह र सरकारले उचित राहतको व्यवस्था गरिने छ ।

(ङ) राष्ट्रिय वनमा कार्बनको संचितिकरण र भण्डारण गरेबापतको लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

(च) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने,

## परिच्छेद- ३
## सामुदायिक वन तथा अन्य वन दर्ता तथा हस्तान्तरण

१. साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु यसै ऐन द्वारा सन्चालन व्यवस्थापन हुनेछन ।

२. दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारिवारिक नीजि वनहरु दर्ता तथा हस्तान्तरण गरी यसै ऐन द्वारा सन्चालन तथा व्यवस्थापन हुनेछन ।

## परिच्छेद-४
## सामुदायिक वन सम्वन्धी व्यवस्था

१. सामुदायिक वन सुम्पने:

१) उपभोक्ता समूहले कार्ययोजना वमोजिमको संरक्षण सम्बर्द्धन उपयोग व्यवस्थापन गर्न तथा वन पैदावारको मुल्य निधारिण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी स्थानीय सरकारले राष्ट्रिय वनको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाण पत्र दिनेछ ।

२) उपदफा १ को प्रयोजनको लागि स्थानीय सरकारले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

३) कार्ययोजना संशोधनः (१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समयानुकुल परिमार्जन गर्न सक्ने छ ।

४) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्य योजनामा गरेको परिमार्जन वातावरणमा उल्लेखनीय प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ । सामुदायिक वन उपभोक्ता समुहले आफनो कार्ययोजना स्थानिय सरकारलाई जानकारी गराएको ३० दिन भित्र कुनै जानकारी नभएमा समुहले स्वत कार्यान्वयन गर्न सक्नेछ ।

२. उपभोक्ता समूहको दर्ताः

स्थानीय राजपत्र

(१) उपदफा (१) बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित स्थानीय सरकार समक्ष पेश गर्ने ।

(२) उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा स्थानीय सरकारले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(३) हाल वन ऐन २०४९ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु १ बर्ष भित्र स्थानीय सरकारमा दर्ता गर्नु पर्नेछ । त्यस्ता समूहलाई स्थानीय सरकारले प्राविधिक तथा आर्थिक सहयोग गर्नुपर्नेछ ।

३. उपभोक्ता समूह संगठित संस्था रहने :

सामुदायिक वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन् ।

(१) समूहको छुट्टै छाप हुनेछ ।
(२) समूहको आफ्नौ टाँचा हुनेछ ।
(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ ।
(४) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर गर्न सक्नेछ ।

४. प्रतिवेदन दिनुपर्ने

(१) सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको बार्षिक तथा प्रगति प्रतिवेदन स्थानीय सरकार समक्ष पेश गर्नुपर्नेछ ।

५. उपभोक्ता समूहको कोष :

(१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ । कोषमा देहायका रकम जम्मा हुनेछ ।
  (क) संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान रकम
  (ख) कुनै व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान, साहायता वा दान दातव्य रकम
  (ग) वन पैदावार (जैविक विविधता) को विक्रिवितरण वाट प्रप्त रकम
  (घ) उद्योग तथा पर्यटन सन्चालनवाट प्राप्त रकम
  (ङ) जरिवानाबाट प्राप्त रकम
  (च) अन्य कुनै श्रोतबाट प्राप्त रकम

उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ । कोष संचालन तोकिए बमोजिम हुनेछ ।

**परिच्छेद-६**

**कसूर र सजाय सम्बन्धी व्यवस्था**

१६. वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने :

(१) कुनै व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समुहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुदैन । तर, आम सार्वजनिक हितको लागि यस ऐनको दफा ११ बमोजिम वन उपभोक्ता समुह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी (Free

स्थानीय राजपत्र

Prior Inform Consent) लिई नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन ।

१७. दण्ड सजायः देहायको काम कारबाही गर्ने गराउनेलाई कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ :-

(१) दफा ४ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउँने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(२) दफा ४ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(३) दफा ४ को उपदफा (३), (४) र (५) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ,

(४) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएबाट त्यस्तो वन उपभोक्ता समुहलाई पर्न गएको क्षतिको बिचार गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई विभागिय सजायको लागि सिफारिस गर्नु पर्नेछ ।

१८. मुद्दा हेर्ने अधिकारः

(१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षले स्थानीय तहको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा संक्षिप्त कार्यबिधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१९. क्षतिपूर्तिको भराउन सक्ने :

(१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणबाट कुनै वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारको हनन भएकै कारण कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाउँभनी उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन भएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ ।

## परिच्छेद-८
## पारिवारिक निजी वन सम्वन्धी व्यवस्था

१. पारिवारिक निजी वन दर्ता (१) पारिवारिक निजी वनको संरक्षण सम्बर्द्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी स्थानीय सरकारले दर्ता प्रमाण पत्र दिनेछ ।

२. पारिवारिक निजी वनलाई स्थानिय सरकारले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनेछ ।

३. पारिवारिक निजी वन दर्ता भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सो को जानकारी दिनेछ ।

४. पारिवारिक निजी वन किसानहरुले स्थानिय सरकारले तोकेको निवेदन सहित स्थानीय सरकार समक्ष पेश गर्ने ।

## परिच्छेद - ८

स्थानीय राजपत्र

## विविध

२०. स्थानीय सरकारबाट अनुमति लिनु पर्नेः-

(१) स्थानीय तहको अनुमति लिई उपभोक्ता समुहले स्थानीय सामुदायिक वनक्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायीक पालन, समुदायको पहुच भन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादिन बस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वनपैदावार जन्य उद्योगबाट उत्पादित वनपैदावारको निकासी पैठारी वन उपभोक्ता समुहले तोकेको व्यक्तिले गर्न सक्नेछ । त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा स्थानीय सरकारलाई दिनुपर्नेछ ।

.(४) सामुदायिक वन समुहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी मार्फत सःमिलका साथै वन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन गर्न सक्नेछन् ।

(५) स्थानीय सरकारले पारिवारिक निजी वन दर्ता, संरक्षण, संवर्द्धन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ ।

२१. अधिकार प्रत्यायोजन :

स्थानीय सरकारको प्रमुख वा परिषद्को अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम स्थानीय सरकारले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. असल नियतले गरेको कामको बचाउ :

वन उपभोक्ता समिति, क्षतिपूर्ति समिति वा स्थानीय सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

२३. नियम बनाउन सक्ने :

यस ऐनको उद्देश्य पूर्तिको लागि स्थानीय सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

स्थानीय राजपत्र

## अनुसुचीहरु

१. उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदन

श्री प्रमूखज्यू,............
थाहा नगरपालिका, मकवानपुर ।

स्थानीय वन ऐन २०७९ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सो को विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं ।

निवेदक
............... उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|

स्थानीय राजपत्र

२. उपभोक्ता समूह दर्ताको प्रमाण पत्र

स्थानीय सरकार
थाहा नगरपालिका, मकवानपुर ।

दर्ता नं.
श्री.......... उपभोक्ता समूह
यस स्थानीय सरकारको मिति ............... को निर्णय अनुसार स्थानीय वन ऐनले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण
उपभोक्ता समूहको क्षेत्रफल, घरधुरी संख्या, कुल जनसंख्या

प्रमाण पत्र दिने अधिकारी
नाम,
दर्ता,
दस्तखत
मिति

यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन १०० रुपैया दस्तुर लाग्नेछ ।

स्थानीय राजपत्र

३. सामुदायिक वन दर्ताको लागि दिइने निवेदन

श्री प्रमूखज्यू,
थाहा नगरपालिका, मकवानपुर ।

स्थानीय वन ऐन २०७९ को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण सम्बर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निदेदन पेश गरेका छौं ।

क. प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगाना
चार किल्ला, क्षेत्रफल, जैविक विविधता

निवेदक
............... सामुदायिक वनउपभोक्ता समूहको तर्फबाट

| क.सं. | नाम | पद | दस्तखत |
| --- | --- | --- | --- |

स्थानीय राजपत्र

४. सामुदयिक वन दर्ताको प्रमाण पत्र

स्थानीय सरकार
थाहा नगरपालिका, मकवानपुर ।
.................. वन
श्री .................... उपभोक्ता समूह
...................................
स्थानीय वन ऐन २०७५को अधिनमा रही देहायको राष्टिय वन क्षेत्र यसै साथ संलग्न कार्ययोजना वमोजिम व्यवस्थापन गरी सदुपयोग र सामुदायिक वनको रुपमा सुम्पिएको छ ।
नाम
चारकिल्ला
क्षेत्रफल

प्रमाणपत्र दिने अधिकारी
नाम, थर
दस्तखत
मिति

५.वन पैदावारको मुल्य निर्धारण

काठको जात........
ठुटा........
दाउरा........

६. जडिबुटीको नाम र दस्तुर........
जरा जाती........
फुल र भुवा जाती........
गमरेजिन लोहवान जाती........
अन्य जडीबुटी........
७. काठ, दाउरा, खयर र जडिबुटी बाहेक अन्य वन पैदावार
वन पैदावारको नाम........

८. सामुदायिक वन उपभोक्ता समूहको विधानमा समावेश हुने कुराहरु

आज्ञाले,
नामः अजित घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र